# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०७९/०८० देखि २०८१/०८२ सम्म)

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

२०७९

# मन्तव्य

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश सरकारले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्यरुपमा आगामी पहिलो आर्थिक वर्षको खर्च अनुमान र त्यस पछिका दुई आर्थिक वर्षको खर्च प्रक्षेपण गरी तीन वर्षको चक्रिय बजेट प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। आवधिक योजना तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुले लिएका समष्टिगत विषय, क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। मध्यमकालीन खर्च संरचनालाई आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रुपमा लिने गरिन्छ।

राष्ट्रिय योजना आयोगले जारी गरेको कार्यविधि तथा प्रदेश सरकारले स्वीकृत गरेको दिग्दर्शन, २०७६ अनुसार बजेट तथा स्रोत समितिले गरेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहने मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिले दिएको समग्र निर्देशन अनुसार प्रदेश नीति तथा योजना आयोगका प्रशासकीय प्रमुखको संयोजकत्वमा रहेको मध्यमकालीन खर्च संरचना प्राविधिक समितिले यस प्रदेशमा रहेका सम्पूर्ण मन्त्रालयको समन्वय, सहजीकरणमा यो दस्तावेज तयार गरिएको हो । आर्थिक बर्ष २०७९/८० को बजेट तयारीको क्रममा प्रदेशका सबै मन्त्रालयहरुमा रहेका योजना महाशाखा तथा मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आ-आफ्नो मन्त्रालयको आगामी आर्थिक बर्षको आयोजनाहरुको प्राथमिकीकरण, ती आयोजना कार्यान्वयनको नतिजाले प्रदेश आवधिक योजनाको कुन रणनीतिलाई योगदान गर्छ भन्ने सांकेतीकरण, दिगो विकासका लक्ष्यहरु अनुसार सांकेतीकरण, लैङ्गिक उत्तरदायी बजेट अनुसार सांकेतीकरण, जलजमपरिवर्तन सूचक अनुसार सांकेतीकरण समेत गरी मन्त्रालयको निर्णय अनुसार बजेट प्रस्ताव भएको थियो । यसरी प्रस्ताव गरिएको बजेट, कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यज्युहरुको नेतृत्वमा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट महाशाखा र सम्वन्धित मन्त्रालयको योजना महाशाखा बीच छलफल गरी सहमति भए अनुसार परिमार्जन समेत गरिएको छ ।

खर्च प्रक्षेपण गर्दा आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, २०३० को मार्ग चित्र र यसका सूचकहरुका साथै कोभिड १९ महामारीको सम्भावित असर तथा प्रभावलाई कम गर्ने लगायतका विषयहरुलाई समेत आधार लिइएको छ। मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालीन लक्ष्य निर्धारण गरी खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका प्रस्तुत गरिएको छ। मध्यमकालीन खर्च संरचनाले राखेको लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्दै लैजानु आजको आवश्यकता रहेको छ।

अन्त्यमा यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुनुहुने विभिन्न मन्त्रालयका योजना शाखाका कर्मचारीहरु यस मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**शालिकराम जम्कट्टेल**

**२०७९ जेष्ठ** | **आर्थिक मामिला तथा योजना मन्त्री**

# विषयसूची


| क्रम संख्या | अनुदान संख्या | मन्त्रालयगत/निकायगत | | पाना नं. |
|---|---|---|---|---|
| १ | | प्रदेश सरकारको आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मको मध्यकालीन खर्च संरचना | .................... | A - H |
| २ | २०२ | प्रदेश-सभा सचिवालय | .................... | ११ |
| ३ | २१० | प्रदेश लोक सेवा आयोग | .................... | १३ |
| ४ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | .................... | १५ |
| ५ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | .................... | १७ |
| ६ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | .................... | १९ |
| ७ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | .................... | २४ |
| ८ | ३१२ | कृषि तथा पशुपन्छी मन्त्रालय | .................... | २७ |
| ९ | ३१३ | खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय | .................... | ३१ |
| १० | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | .................... | ३६ |
| ११ | ३२५ | संस्कृति तथा पर्यटन मन्त्रालय | .................... | ३८ |
| १२ | ३२९ | वन तथा वातावरण मन्त्रालय | .................... | ४१ |
| १३ | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | .................... | ४७ |
| १४ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | .................... | ५२ |
| १५ | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | .................... | ५६ |
| १६ | ३५० | सामाजिक विकास मन्त्रालय | .................... | ५९ |
| १७ | ३७० | स्वास्थ्य मन्त्रालय | .................... | ६१ |
| १८ | ३७१ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | .................... | ६६ |
| १९ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | .................... | ६८ |
| २० | ५०१ | वित्तीय व्यवस्था तथा सेयर लगानी | .................... | ७० |
| २१ | ६०२ | अर्थ विविध | .................... | ७१ |
| २२ | | अनुसूचीहरु | .................... | ७३ |

# प्रदेश सरकारको
# आ.व. २०७९/०८० देखि ०८१/०८२ सम्मको
# मध्यमकालीन खर्च संरचना

**पृष्ठभूमिः**

नेपालको संविधानले लोक कल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेश **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोच पूरा गर्ने प्रतिवद्धता तर्फ उन्मुख रहेको छ। प्रदेशको विकासका नतिजा हासिल गर्न सार्वजनिक कूशल एवं प्रभावकारी व्यवस्थापन गर्नु आवश्यक रहेकोछ ।

यस प्रदेशले २०७६ सालमा तर्जुमा गरेको प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि उच्च आर्थिक बृद्धि हासिल गर्ने प्रकृतिका विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। संघीय सरकारको पन्ध्रौ योजना र प्रदेशको प्रथम आवधिक योजनासँग तादाम्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/०८० –२०८१/०८२) तर्जुमा गरिएको छ। यस त्रिवर्षीय खर्च संरचना तयार गर्दा मुलुकको दीर्घकालीन सोच सहितको राष्ट्रिय पन्ध्रौं योजना र प्रदेशको प्रथम आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता र हालसम्म भएको उपलब्धी, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, र दिगो विकास लक्ष्य, २०३० को मार्ग चित्रलाई प्रमुख आधारको रुपमा लिइएको छ। मुलुकका तीनै तहका सरकार एवं सबै सरोकारवालासँगको सहकार्य र समन्वयमा विगत दुइ आर्थीक बर्ष र चालु आर्थिक बर्षको प्रथम चौमासिकसम्म कोभिड – १९ ले अर्थतन्त्रमा पारेका असर तथा प्रभाव र यसको पुनरुत्थानमा जोड दिँदै उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य सहित यो खर्च संरचना तयार गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धी ऐन, २०७६ र नियमावली २०७७, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ त नियमावली २०७६ ले मध्यमकालीन खर्च संरचनालाई अनिवार्य गरेकोले पहिलो र दोस्रो प्राथमिकतामा रहेको कार्यक्रम/आयोजना समेतको योमध्यमकालीन खर्च संरचनामा तयार गरिएको छ।

**परिचयः**

आवधिक योजनालाई बजेटसँग र बजेटलाई कार्यक्रमसँग जोड्ने औजारलाई मध्यमकालीन खर्च संरचना (Mid Term Expenditure Framework (MTEF)) भनिन्छ। यो सीमित स्रोतलाई सरकार संचालन, सेवा प्रवाह र विकास प्रक्रियामा आदर्शतम उपयोग हुने गरी बाँडफाँट गर्ने त्रि-वर्षीय चक्रीय योजना हो । यसले सरकारको नीतिगत प्राथमिकतालाई वार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकतासंग आवद्ध गर्दछ । यो आवधिक विकास योजना, राष्ट्रिय नीति तथा रणनीति एवं क्षेत्रगत योजना र वार्षिक कार्यक्रम बीचको सेतु हो जसले आवधिक एवं क्षेत्रगत योजनाका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिलाई वार्षिक कार्यक्रममा रुपान्तरित गरी कार्यान्वयनमा लैजान्छ।

खर्चको ३ वर्षे प्रक्षेपण गर्ने विधि एवं सरकारी खर्चको अग्रिम योजना पनि हो। सार्वजनिक वित्त व्यवस्थापनका् एक औजारको रुपमा महत्वपूर्ण मध्यमकालीन खर्च संरचनाबाट प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गराउन सकिन्छ। यस खर्च संरचनाले उपलब्ध साधन र स्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताका् क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गगत राजस्व, संघीय अनुदान, राजस्व बाँडफाँट र आन्तरिक ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ जुन सार्वजनिक वित्त व्यवस्थापनको यस औजारले प्राथमिकीकरण, प्रति एकाई लागत अनुमान र खर्च तथा स्रोतको प्रक्षेपण समेत गर्दछ ।

**सोचः**

- "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने प्रदेशको निर्माण गर्ने।
- **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेशले लिएको **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** सहितको लक्ष्य हासिल गर्ने।

**उद्देश्यहरुः**

- आवधिक योजना र बजेट बीचको तादम्यता कायम गर्ने ।
- सरकारी खर्चमा पारदर्शिता बढाउने,
- वित्तीय जवाफदेहिता अभिवृद्धि गर्ने।
- स्रोत साधनको कुशलतम् परिचालन गरी सरकारको प्राथमिकता प्राप्त आयोजना/योजनामा बजेट सुनिश्चित गर्ने,

- गैर बजेटरी खर्च नियन्त्रण गर्ने,

**रणनीतिः**

- दिगो र उच्च आर्थिक वृद्धि सहितको आन्तरिक उत्पादनमा आधारित प्रदेश अर्थतन्त्रको विकास गर्ने।
- प्रदेशमा उपलब्ध स्रोतसाधन तथा अवसर र क्षमताको उच्चतम परिचालन मार्फत रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरी उत्पादन वृद्धि गर्ने।
- आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास गरी स्वाधीन, समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्रको विकास तर्फ अघि बढ्ने।
- आर्थिक र सामाजिक रुपले विपन्न वर्गका लागि सामाजिक संरक्षण मार्फत सामाजिक न्याय कायम गर्ने।
- प्रदेशबाट प्रवाह हुने सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाई सुशासन कायम गर्ने।

**आवश्यकताः**

- योजनालाई बजेटसँग र बजेटलाई कार्यसम्पादनसँग आवद्ध गरी साधनलाई उपलब्धिमूलक बनाउन,
- आयोजनाहरुको प्राथमिकीकरण गर्न,
- प्राथमिकता प्राप्त आयोजनालाई साधनको सुनिश्चितता गर्न,
- सिमित साधन र असिमित आवश्यकता बिचको खाडल कम गर्न,
- सरकारी खर्च प्रवाहको भविष्यवाणी गर्न,
- खर्चको अग्रिम अनुमान गर्न,
- सरकारका सबै अंगको भूमिका स्पष्ट गर्न,
- बहुवर्षीय ठेक्कालाई सहयोग गर्न,
- सरकारी खर्च व्यवस्थाको कमी कमजोरी हटाउन,

- सरकारको स्रोत साधनलाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई प्राथमिकताको आधारमा बाँडफाँट गर्न,
- सार्वजनिक खर्चमा मितव्ययीता हासिल गर्न।

**कानूनी आधारः**

(क) नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तहले सम्बन्धित तहको बजेट बनाउने व्यवस्था रहेको छ। त्यस्तै, धारा ६० मा राजस्व स्रोतको बाँडफाँट अन्तर्गत राजस्व संकलन तथा बाँडफाँट एवम् वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ। धारा २०७ मा राजस्व र व्ययको अनुमानअन्तर्गत प्रदेश सरकारका अर्थमन्त्रीले प्रदेश संसद्मा असार १ गते सो अनुमान पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

(ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोः

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यकालीन खर्च संरचनामा देहायका विवरण मिलाउनु पर्नेछ -

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

(छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यकालीन खर्च संरचना आ-आफ्नो प्राथमिकता र आश्यकताका आधारमा तयार गर्न सक्नेछन्।

(ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा राजस्व र व्ययको अनुमान साथ संलग्न गर्नुपर्ने विवरणको व्यवस्था रहेको:

(१) नेपाल सरकार तथा प्रदेशले राजस्व र व्ययको अनुमान पेश गर्दा देहायका विवरण संलग्न गर्नुपर्नेछः

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण,

(ख) दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना,

(ग) आगामी तीन आर्थिक वर्षको राजस्व, व्यय र अनुमानको प्रक्षेपण,

(घ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(ङ) वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,

(च) आगामी तीन आर्थिक वर्षको कूल ग्राहस्थ उत्पादनमा हुने वृद्धिदर, मुद्रास्फिति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,

(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको बैदेशिक सहायता प्राप्तिको विवरण।

(२) नेपाल सरकार तथा प्रदेशले अघिल्लो वर्ष अनुमान गरे अनुसारको राजस्व संकलन हुन नसकेको वा मन्त्रालयलाई छुट्याइएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपाय समेत उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले सो खण्ड बमोजिमको विवरण पेश गर्नुपर्ने छैन।

(घ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद - ३ (राजस्व र व्ययको अनुमान) दफा ५ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने:

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजना मार्गदर्शनको रुपमा लिएर तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, त्यसबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको लागि प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरण सम्झनु पर्छ।

(३) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

(ङ) प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद - ४ (बजेट तथा कार्यक्रम सम्बन्धी व्यवस्था) दफा १९ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको अनुसूची-१ बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ। योजना तथा कार्यक्रमको प्राथमिकीकरणको आधार मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(२) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

**मध्यमकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्यहरु**

संयुक्त राष्ट्र सङ्घले सहस्राव्दी विकास लक्ष्यका उपलब्धीमा टेकेर विश्वको आर्थिक-सामाजिक विकासको अवस्था र आवश्यकताको लेखाजोखा गरी सन् २०१६ देखि २०३० सम्मको लागि तय गरेका दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals – SDGs) अनुमोदन गर्ने अग्रिणी देश भएकोले नेपालले पनि दीगो विकासका लक्ष्यहरुको मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याएकोछ। उक्त मार्गचित्रमा विश्वव्यापि सूचकहरुको अतिरिक्त नेपाललाई सान्दर्भिक हुने केही थप सूचकहरु समेत रहेका छन् । दिगो विकासका लक्ष्यहरु अन्तर्गत निम्मानुसारका १७ वटा लक्ष्यहरु रहेका छन्ः

(१) **गरिबीको अन्त्यः** सबै क्षेत्रबाट सबै प्रकारका विषम गरिबीको अन्त्य गर्ने ।

(२) **शून्य भोकमरीः** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने ।

(३) **स्वस्थ्य जीवनः** सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

(४) **गुणस्तरीय शिक्षाः** समावेशी तथा समतामूलक गुणस्तरिय शिक्षा सुनिश्चत गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने ।

(५) **लैङ्गिक समानताः** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

(६) **स्वच्छ पानी र सरसफाइः** सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलव्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

(७) **आधुनिक उर्जामा पहुंचः** किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुंच सुनिश्चत गर्ने ।

(८) **समावेशी आर्थिक वृद्धी तथा मर्यादित कामः** भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धी तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

(९) **उद्योग, नविन खोज र पूर्वाधारः** उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

(१०) **असमानता न्यूनिकरणः** मुलुकभित्रको तथा मुलुकहरुबीचको असमानता घटाउने ।

(११) **दिगो शहर र वस्तीः** सहर तथा मानव वस्तिहरु समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

(१२) **दिगो उपभोग र उत्पादनः** दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

(१३) **जलवायु परिवर्तन अनुकूलनः** जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

(१४) **सामुद्रिक स्रोतको उपयोगः** दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको संरक्षण र दिगो प्रयोग गर्ने ।

(१५) **भूसतह स्रोतको उपयोगः** परिस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापन र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

(१६) **शान्ति, न्याय र सबल संस्थाः** दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुंच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

(१७) **दिगो विकासका लागि साझेदारीः** दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

दिगो विकासका उल्लेखित लक्ष्यहरु धेरैजसो अन्तरसम्वन्धित रहेका छन् । तसर्थ एउटा लक्ष्य हासिल गर्न कार्यान्वयन गरिने क्रियाकलापले अर्को लक्ष्य हासिल गर्न पनि सहयोग पुर्याउदछन। दिगो विकासका १७ वटा लक्ष्यहरु प्राप्त गर्ने सन्दर्भमा १६९ वटा परिमाणात्मक लक्ष्य तोकिएका छन् भने उक्त लक्ष्य प्राप्तिलाई मापन गर्ने २३२ वटा सूचक निर्धारण गरिएका छन् ।

दिगो विकासका लक्ष्य प्राप्त गर्नु भनेको नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धता पुरा गर्नुका साथै आफ्नै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्नु हो । गरिबी तथा वेरोजगारीको अन्त्य, समावेशी विकास, औद्योगीकरण, उत्पादन र त्यसको समुचित वितरण, विद्युत, खानेपानी तथा सरसफाई, गुणस्तरीय पूर्वाधार, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षा, पोषण, लैङ्गिक समानता, जलवायु परिवर्तन अनुकुलनता, वन, वातावरण तथा जैविक विविधताको संरक्षण, दिगो र संरक्षित मानव वस्ति विकास, शान्ति सुरक्षा तथा मानवाधिका संरक्षण जस्ता विषयहरुलाई यसका लक्ष्यहरुले समेटको छ । यी लक्ष्य पुरा गर्न संघीय सरकारको अलावा प्रदेश र स्थानीय तहका सरकारको समेत प्राथमिकताका विषय भएकोले राष्ट्रिय लक्ष्यलाई आधार मानेर प्रदेशहरुले पनि दिगो विकासका लक्ष्यसंग सम्वन्धित आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्न र यसमा हासिल भएको प्रगति गणना तथा मापन गरी प्रदेशगत आधार तथ्याङ्क प्रतिबेदन तयार गर्न बार्षिक बजेट तथा मध्यकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्यहरुलाई समेटिएको छ ।

# मन्त्रालयगत/निकायगत
# त्रिवर्षीय खर्च प्रक्षेपण

# प्रदेश-सभा सचिवालय

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ। नेपालको संविधानको भाग १४ को धारा १७५ मा प्रदेश व्यवस्थापिका व्यवस्था रहेको छ।

प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण कार्य गर्नुका अतिरिक्त संविधानको उद्देश्यहरु प्राप्ति तर्फ उन्मुख हुने गर्दछ। ती कार्यहरु मर्यादितरुपमा व्यवस्थापन गर्न बागमती प्रदेश सभाले पारित गरेको प्रदेश सभा नियमावली, २०७४ मा सभामुख र उप सभामुखको व्यवस्था तथा विभिन्न समितिहरु, संसदीय दलहरु, मुख्य सचेतक, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरुको व्यवस्था गरेको छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यक्ता पर्ने हुनाले बागमती प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

**सोचः**

- प्रदेश स्तरीय राज्य व्यवस्थामा विधिको शासन र संविधानको भावनालाई सम्मान गर्ने।

**उद्देश्यः**

- सार्वजनिक सरोकारका विषयमा जनहित प्रवर्धन गर्न आवश्यक विधेयकको औचित्यता पुष्टि गर्दै कार्यान्वयनको लागि पास गर्ने।
- सरकारका हरेक गतिविधीमा संसदीय समिति मार्फत निगरानी एवं निर्देशन गर्दै सरकार सञ्चालनका लागि मार्ग प्रसस्त गर्ने।
- सार्वभौम संसदको रुपमा रहेको सभाले सरकार गठन र अविश्वासको प्रस्तावको माध्यमबाट शक्ती पृथकीकरणको सिद्धान्त अवलम्बन गर्दै समिति सरकारको अवधारणालाई मुर्त रुप दिने।

**लक्ष्यः**

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने।
- संसदको विधायिक कार्यमा सहयोग गर्ने।

- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्वय गर्ने।

**रणनीतिः**

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने ।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने ।
- संसदको विधायिकी कार्यमा सहयोग गर्ने ।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्वय गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| २०२०००११ प्रदेश सभा | २०९११२ | ० | ० | २०९११२ | २३००२३ | ० | ० | २३००२३ | २५३०२६ | ० | ० | २५३०२६ |
| २०२०००१२ प्रदेश सभा सचिवालय | ७७५६५ | ६९३७२ | ० | १४६९३७ | ८५३२१.५ | ७६३०९.२ | ० | १६१६३१ | ९३८५३.७ | ८३९४०.१ | ० | १७७७९४ |
| २०२००००१ प्रदेश सभा | १२८०० | ० | ० | १२८०० | १४०८० | ० | ० | १४०८० | १५४८८ | ० | ० | १५४८८ |
| **जम्मा** | **२९९४७७** | **६९३७२** | **०** | **३६८८४९** | **३२९४२५** | **७६३०९.२** | **०** | **४०५७३४** | **३६२३६७** | **८३९४०.१** | **०** | **४४६३०७** |

# प्रदेश लोक सेवा आयोग

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने ब्यवस्था रहेको छ। संघीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा ब्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मंसिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको छ। साथै २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको छ।

**सोचः**

- निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्ने।

**उद्देश्यहरुः**

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र अन्य सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने।

**लक्ष्यः**

- प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरुमा उचित पद्दति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने।

**रणनीति :**

- प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरुमा उचित पद्दति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संशाधन छनौट गरी सिफारिस गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण** :

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| २१०००००१ प्रदेश लोक सेवा आयोग | ८०९५ | ० | ० | ८०९५ | ८०९५ | ८९०५ | ० | १७००० | ८९०५ | ९७९५ | ० | १८६९९ |
| २१००००११ प्रदेश लोक सेवा आयोग | १०१४०२ | ६१५० | ० | ११५६४७ | १११५४२ | ६७६५ | ० | ११८३०७ | १२२६९६ | ७४४२ | ० | १३०१३८ |
| **जम्मा** | **१०९४९७** | **६१५०** | **०** | **१२३७४२** | **११९६३७** | **१५६७०** | **०** | **१३५३०७** | **१३१६०१** | **१७२३६** | **०** | **१४८८३७** |

# मुख्य न्यायाधिवक्ताको कार्यालय

**पृष्ठभूमी :**

नेपालको संविधानको धारा १६०(१) मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने प्रवधान छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धितप्रदेश मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने ब्यवस्था गरिएको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संबैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ भन्ने संवैधानिक एवं कानूनी व्यवस्था रहेको छ । बागमती प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन,२०७५ मा संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अन्य काम,कर्तव्य र अधिकार समेत तोकेको छ । जस अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवं कानूनको व्यख्या सम्बन्धमा कुनै जटिलसंवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फवाट उपस्थित भई बहस पैरवी गर्ने, प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको अधिकारीले कुनै संवैधानिक वा कानूनी राय माग गरेमा कानूनी राय प्रदान गर्ने लगायतका काम कर्तव्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ। मुख्य न्यायाधिवक्ताको संवैधानिक एवं कानूनी जिम्मेवारी बहन गरी कार्य सम्पादन गर्ने मूल अभिष्टका साथ संवैधानिक प्रपन्ध बमोजिम यस कार्यालयको स्थापना भएको हो ।

संगठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि उपयुक्त कार्य वातावरण निर्माण हुन आवश्यक छ । यसका लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय संचालन सम्बन्धी सामाग्री लगायत भौतीक साधन र पूर्वधारहरुको समुचित व्यवस्थतापन हुन आवश्यक छ । तर यस कार्यालयको आफ्नै भवन छैन । हाल यस कार्यालय हेटौंडा उपमहानगरपालिका वडा नं.४ स्थित एक निजि घरमा कार्यालयको भवनमा रहि आएको छ । भौतिक तथा मानव स्रोतका अभावका बाबजुद पनि यस कार्यालय आफ्नो अभिष्ट पूरा गर्न निरन्तर प्रयासरत रहेको छ।

**सोचः**

• प्रदेश सरकारलाई कानून बमोजिम कार्य सम्पादन गर्न सहयोगी भूमिका निर्वाह गर्नु एवं प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको निर्वाह गर्नु ।

**उद्देश्यः**

- प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारले तोकीदिएको अधिकारीलाई संवैधानिक वा कानूनी विषयमा राय परामर्श माग गरेमा कानूनी राय प्रदान गर्ने ।

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षवाट बहश पंरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि आवश्यक कार्य गर्नेर

**लक्ष्यः**

- संविधान र कानूनी प्रश्नमा सरकारले मागेको राय सल्लाह सुझाव प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको रवा प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फवाट बहश पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी मुख्यमन्त्री र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने।

**रणनीतिः**

- संवैधानिक एवं कानूनी प्रश्नमा प्रदेश सरकार वा मातहतका निकायमा पदाधिकारीले कानूनी राय माग भएमा राय प्रदान गर्ने।
- प्रदेश सरकारको निहीत सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फवाट प्रमाण बहश प्रतिरक्षा गर्ने।

महान्यायाधिवक्ताको कार्यालय संगढ समन्वय गरी थुनामा रहेका कैंदी/बन्दी लाई मानवोचित ब्यवहार भए नभएको अदालतवाट स्थापित नजीर वा फैसलाको पालना गर्ने गराउने।

**त्रिवर्षीय खर्च प्रक्षेपणः** (रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| २१६०००११ मुख्य न्यायाधिवक्ताको कार्यालय | १९०११ | ११६५ | ० | २०१७६ | २०९१२ | १२८२ | ० | २२१९४ | २३००३ | १४१० | ० | २४४१३ |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**पृष्ठभूमिः**

प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रूपमा रहेको छ। वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानबमोजिम शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई वि.सं २०७४ साल माघ २९ गते बागमती प्रदेश सरकार गठन भएको थियो। राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्त्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेशभित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, सुशासन, भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार, प्रदेश तथा स्थानीय तहको कर्मचारी र कार्यालय व्यवस्थापनका साथै प्रदेशका सबै मन्त्रालयहरूको कार्यको नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन लगायत प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको २३ वटा कार्यजिम्मेवारी रहेको छ।

**सोचः**

- "सुसंस्कृत र सुखी जनताः समाजबाद उन्मुख समृद्ध प्रदेश"

**उद्देश्यहरुः**

- संघीय शासन प्रणाली अनुरुप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।
- निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित समृद्ध प्रदेश गर्नु।
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु ।
- पारदर्शिता, जवाफदेहिता,जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिश्चित गर्नु
- भष्ट्राचार नियन्त्रण गरी सदाचारयुक्त समाज निर्माण गर्नु ।

- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर सरकार समन्वय गरी गुणस्तरिय सेवा प्रवाह गर्नु।
- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुचयोग्य बनाई विकास प्रकृयालाई अपेक्षाकृत बनाउनु ।

**लक्ष्यः**

- "प्रशासनमा सुशासन, सेवा प्रवाहमा पारदर्शीता, नेतृत्वमा गतिशीलता, शासन व्यवस्थामा नागरिकको सहभागीता"

**रणनीतिः**

- सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण गर्न आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयनमा ल्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार ल्याउने, क्षमता विकास गर्ने, स्थानीय तह र सङ्घसँग समन्वय गर्ने, विकास निर्माणका काममा नियमन र सहजीकरण गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण** :

(रु हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोस्रो वर्ष (२०८०/०८१) | | | | तेस्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०१९११२१ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान(संघ शसर्त अनुदान) | २५०० | ० | ० | २५०० | २७५० | ० | ० | २७५० | ३०२५ | ० | ० | ३०२५ |
| ३०१०००११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४५८५८ | १५९१० | ० | ३६१७६८ | ३८०४४४ | १७५०१ | ० | ३९७९४५ | ४१८४८८ | १९२५१ | ० | ४३७७३९ |
| ३०१९११२० प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | ३०४१०० | ५९६०० | ० | ३६३७०० | ३३४५१० | ६५५६० | ० | ४०००७० | ३६७९६१ | ७२११६ | ० | ४४००७७ |
| **जम्मा** | **६५२४५८** | **७५५१०** | **०** | **७२७९६८** | **७१७७०४** | **८३०६१** | **०** | **८००७६५** | ७८९४७४ | ९१३६७ | ० | **८८०८४१** |

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक बमोजिम मिति २०७४ साल माघ २८ गते आर्थिक मामिला तथा योजना मन्त्रालय गठन भई कार्यारम्भ भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व यस मन्त्रालयमा रहेको छ। यही जिम्मेवारीलाई आत्मसाथ गर्दै हालसम्म ५(पाँच) आर्थिक वर्षको पुर्ण बजेट निर्माण गरिसकेको अवस्था छ।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(३) बमोजिम प्रदेशस्तरको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण तथा वित्तीय व्यवस्थापन लगायतका कार्य गर्ने मुख्य जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको र प्रदेश सरकारको सञ्चित कोषको सञ्चालन गर्ने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। मन्त्रालयलाई तोकिएका देहाय अनुसारका कार्य जिम्मेवारी पूरा गर्न निम्नानुसारका दिर्घकालीन सोच, उद्देश्य, रणनीतिक लक्ष्य र संगठनात्मक स्वरूप तय गरिएको छ।

**कार्य जिम्मेवारी**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम तोकेको छः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- प्रदेशको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन।
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर।

- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन।
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग।
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान।
- संघीय नीति अनुरुप सहवित्तीयकरण।
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन।
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन।
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन।
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोषको जिम्मेवारी।
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन।
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन।
- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण।
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य।

- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य।
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन।
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन।
- आर्थिक विकासमा निजी, सहकारी तथा गैर्‍हसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य आदि।

**दीर्घकालीन सोचः**

- प्रादेशिक वित्त नीतिको प्रभावकारी कार्यान्वयन मार्फत दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि हासिल गर्दै समग्र अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने।

**उद्देश्यः**

- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक तथा पूर्वाधार विकास गर्ने।

**रणनीतिक लक्ष्यहरू (Strategic Goals)**

**समष्टिगत लक्ष्य (Overall Goal)**

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण गरी वित्त नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।

**कार्यनीतिक लक्ष्यहरू (Specific Goals)**

- प्रदेश सञ्चित कोषको पारदर्शी, मितव्ययी, न्यायोचित एवं प्रभावकारी सञ्चालन मार्फत सुव्यवस्थित एवं अनुशासित आर्थिक प्रशासन प्रणाली विकासका लागि सार्वजनिक खर्च सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयन गर्ने।
- आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्न राजस्वको स्रोत पहिचान एवं दायरा विस्तार गरी राजस्व चुहावट नियन्त्रण प्रणालीको विकास गर्ने।

- वार्षिक विकास कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली संस्थागत गर्ने।
- संघीय सरकारको स्वीकृतिमा वैदेशिक स्रोतको परिचालन र लेखाङ्कन गर्ने।
- संघीय सरकारसँग सुमधुर वित्तीय सम्बन्ध कायम राख्दै आवश्यक सहकार्य तथा समन्वय गर्ने।
- प्रदेशको समग्र विकासको लागि सरकारी-निजी-सहकारी क्षेत्र बीचको सह-सम्बन्ध, समन्वय र सहकार्य अभिवृद्धि गर्न अनुकूल वातावरण सिर्जना गर्ने।
- प्रदेशस्तरका वित्तीय तथा सार्वजनिक संस्थाहरूको सञ्चालन एवं नियमन मार्फत सबल वित्तीय प्रणालीको विकास गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण:**

(रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोस्रो वर्ष (२०८०/०८१) | | | | तेस्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०५०००११ आर्थिक मामिला तथा योजना मन्त्रालय | ९२३१४ | २५५१० | ० | ११७८२४ | १०१५४५ | २८०६१ | ० | १२९६०६ | १११७०० | ३०८६७ | ० | १४२५६७ |
| ३०५०१०११ प्रदेश लेखा नियन्त्रकको कार्यालय | ३४७१७ | ६२०४ | ० | ४०९२१ | ३८१८९ | ६८२४ | ० | ४५०१३ | ४२००८ | ७५०७ | ० | ४९५१४ |
| **जम्मा** | **१२७०३१** | **३१७१४** | **०** | **१५८७४५** | **१३९७३४** | **३४८८५** | **०** | **१७४६२०** | **१५३७०८** | **३८३७४** | **०** | **१९२०८१** |

## १. त्रिवर्षीय राजस्व तथा आय प्रक्षपणः

### राजस्व तथा आयतर्फको प्रक्षेपण

### (आ.व. २०७८/०७९ – २०८०/८१)

(रु. हजारमा)

| शिर्षक | पहिलो वर्ष (२०७८/०७९) | दोस्रो वर्ष (२०७९/०८०) | तेस्रो वर्ष (२०८०/०८१) |
|---|---|---|---|
| कर राजस्व | २६९७११७० | २९६६८२८७ | ३२६३५११६ |
| अन्तरसरकारी अनुदान | २१०६८७५० | २३१७५६२५ | २५४९३१८८ |
| अन्य राजस्व | ६२२४३७१ | ५६०१९३४ | ५०४१७४१ |
| राजस्व बचत | १५६२०००० | १४०५८००० | १२६५२२०० |
| विविध प्राप्ति | १०५०९९६ | ९४५८९६ | ८५१३०७ |
| **जम्मा** | **७०९३५२८७** | **७३४४९७४२** | **७६६७३५५०** |

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**पृष्ठभूमि :**

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची १ र २ मा हेरफेर भै साविकको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभाजन भएपश्चात यस मन्त्रालयको स्थापना भएको हो ।

नेपालको दिगो विकासमा उद्योग क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ। जसले देशको आर्थिक वृद्धि र विकासमा विशेष योगदान पुऱ्याएको छ। यसले देशमा रोजगारीको सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितାद्वारा दिगो एवम् वृहत आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरीब न्युनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ।

त्यसैगरी वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि, वैदेशिक वस्तुको व्यापार लगायतको गतिविधिबाट अर्थतन्त्रमा विशेष योगदान पुऱ्याउन वाणिज्य क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ।

**सोच :**

- औद्योगिक विकास मार्फत आर्थिक रुपान्तरण र समुन्नत अर्थतन्त्रको निर्माण।
- निर्यात व्यापार विस्तार एवं आयात प्रतिस्थापन मार्फत् आर्थिक समृद्धि ।
- आम उपभोक्ताको अधिकार संरक्षणको लागि गुणस्तरीय वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति ।

**उद्देश्य :**

- प्रदेश भित्रको स्थानीय श्रोतको दिगो सदुपयोगबाट औद्योगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी वृद्धि गर्ने ।
- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्ने।
- प्रदेश भित्रको स्थानीय श्रोतको दिगो सदुपयोगबाट औद्योगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी वृद्धि गर्ने।

- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामिण तहसम्म विस्तार गर्ने।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्ने।
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने ब्यवस्था मिलाउने।
- बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउँदै विपद्को समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्ने।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउने।

**लक्ष्य:**

- औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्ने।
- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सर्वसुलभ वितरणको व्यवस्था मिलाई आपूर्ति व्यवस्था प्रभावकारी बनाउने।
- लाभको न्यायोचित वितरण गर्ने।
- समाजवाद उन्मुख कार्यक्रम तर्जुमा गरी सामाजिक, आर्थिक, भौतिक विकास गर्ने।

**त्रिवर्षीय खर्च प्रक्षेपण:** (रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| ३०७०००११ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३९२८७ | ४०८० | ० | ४३३६७ | ४३२१६ | ४४८८ | ० | ४७७०४ | ४७५३७ | ४९३७ | ० | ५२४७४ |
| ३०७०१०११ उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २०१६० | ६२५ | ० | २०७८५ | २२१७६ | ६८७.५ | ० | २२८६४ | २४३९४ | ७५६ | ० | २५१५० |
| ३०७०१०१२ घरेलु तथा साना उद्योग कार्यालयहरु | ११७७७६ | ६४४०० | ० | १८२१७६ | १२९५५४ | ७०८४० | ० | २००३९४ | १४२५०९ | ७७९२४ | ० | २२०४३३ |
| ३०७९११२६ उद्योग, वाणिज्य तथा | २६०० | ० | ० | २६०० | २८६० | ० | ० | २८६० | ३१४६ | ० | ० | ३१४६ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| आपुर्ति मन्त्रालय (संघ शसर्त अनुदान) | | | | | | | | | | | | |
| ३०७००११२ उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | १९९६८५ | २०२९०० | ० | ४०२५८५ | २१९६५४ | २२३१९० | ० | ४४२८४४ | २४१६१९ | २४५५०९ | ० | ४८७१२८ |
| **जम्मा** | **३७९५०८** | **२७२००५** | **०** | **६५१५१३** | **४१७४५८.८** | **२९९२०५.५** | **०** | **७१६६६४.३** | **४५९२०४.७** | **३२९१२६.१** | **०** | **७८८३३०.७** |

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**पृष्ठभूमी :**

कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो। राष्ट्रिय अर्थतन्त्र विकासका लागि कृषि क्षेत्रको विकास महत्वपुर्ण छ। बागमती प्रदेशमा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास एवं विस्तार, प्रवर्द्धन र नियमन यस मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ। उत्पादनका साधनको रूपमा रहेको प्रचुर जमिन र दुई तिहाई उत्पादक शक्तिको रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ । कृषिको व्यवसायीकरण, आधुनिकरण तथा औद्योगीकरण गर्ने संवैधानिक नीति अनुरुप कृषिजन्य वस्तुमा आत्मनिरभर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी समाजको अग्रगामी रूपान्तरणको दिशामा अघि बढ्नु आजको टड्कारो आवश्यकता बनेको छ ।

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशुस्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भए पश्चात त्यस्तो राष्ट्रका हैसियतले तथा कृषि, पशुपन्छी तथा मत्स्य विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरुसँग समन्वय गर्दै कृषि तथा पशुपन्छी विकासका कार्यहरु गर्नुपर्ने देखिन्छ। त्यस्तै दिगो विकासको भोक, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ । कृषि, पशुपन्छी तथा मत्स्य विकासको क्षेत्रमा सार्वजनिक नीजि साथै सहकारी क्षेत्रको लगानी समुचित्त रुपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ । यसबाट देशको आर्थिक वृद्धिमा योगदान पुग्ने मात्र नभई समावेशी रुपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरुमा पुर्याउन सकिने अवसर पनि रहेको छ। गरीबी निवारण, उत्पादक, पुर्ण रोजगारी सिर्जना, सामाजिक एकीकरण र वातावरण संरक्षणमा कृषि, पशुपन्छी तथा मत्स्यजन्य व्यवसायको योगदान महत्वपूर्ण रहेको छ।

कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि प्रादेशिक नीति, काननु, तथा मापदण्डको तर्जुमा कार्यान्वयन र नियमनको आवश्यकता रहेको छ।

**सोच**

- खाद्य सम्प्रभुत्ता सुनिश्चितता सहितको आत्मनिर्भर र सम्बृद्ध प्रदेश।

**उद्धेश्य :**

- कृषि क्षेत्रलाई दीगो, प्रतिस्पर्धी आधुनिक र व्यावसायिक वनाउने।
- प्रति इकाई जमिन तथा कृषि श्रमिकको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि मार्फत उद्योग प्रवर्द्धन गरी निर्यात गर्ने अवस्था श्रृजना गर्ने।

- एकीकृत कृषि तथा पशुपन्छी सेवा क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बहृत्तर उत्पादन क्षेत्र बनाउने।
- एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गने।
- चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व बढाउने।
- **"One Health Approach"** मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनिकरण गर्ने।
- स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने।

**लक्ष्य**

- प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने ।

**रणनीति:**

- दिगो कृषि र पशुपन्छी विकासको माध्यमबाट प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने |

**त्रिवर्षीय खर्च प्रक्षेपणः**

(रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोस्रो वर्ष (२०८०/८१) | | | | तेस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२०१०११ कृषि विकास निर्देशनालय | ३०६८७८ | १०१८०० | ० | ४०८६७८ | ३३७५६६ | १११९८० | ० | ४४९५४६ | ३७१३२२ | १२३१७८ | ० | ४९४५०० |
| ३१२०१०१२ कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ३२६५६ | २३८० | ० | ३५०३६ | ३५९२२ | २६१८ | ० | ३८५४० | ३९५१४ | २८८० | ० | ४२३९४ |
| ३१२०१०१३ कन्दमूल तरकारी विकास केन्द्र | १९०१७ | ४७५० | ० | २३७६७ | २०९१९ | ५२२५ | ० | २६१४४ | २३०११ | ५७४८ | ० | २८७५८ |
| ३१२०००११ कृषि तथा पशुपन्छी विकास | ३०३७७१ | ४३४३०० | ० | २३७६७ | ३३४१४८ | ४७७७३० | ० | ८११८७८ | ३६७५६३ | ५२५५०३ | ० | ८९३०६६ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोस्रो वर्ष (२०८०/८१) | | | | तेस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| मन्त्रालय | | | | | | | | | | | | |
| ३१२०१०१४ मसलाबाली विकास केन्द्र | २२०८६ | ५५४० | ० | २३७६७ | २४२९५ | ६०९४ | ० | ३०३८९ | २६७२४ | ६७०३ | ० | ३३४२७ |
| ३१२०१०१५ पुष्प विकास केन्द्र | २४९०६ | ११६९० | ० | २३७६७ | २७३९७ | १२८५९ | ० | ४०२५६ | ३०१३६ | १४१४५ | ० | ४४२८१ |
| ३१२०१०१६ शितोष्ण बागबानी नर्सरी केन्द्र | २२८३६ | ४४४० | ० | २३७६७ | २५१२० | ४८८४ | ० | ३०००४ | २७६३२ | ५३७२ | ० | ३३००४ |
| ३१२०१०१७ किम्बु नर्सरी विकास केन्द्र | १८६८५ | ५१८० | ० | २३७६७ | २०५५४ | ५६९८ | ० | २६२५२ | २२६०९ | ६२६८ | ० | २८८७७ |
| ३१२०१०१८ उपोष्ण प्रदेशीय बागबानी विकास केन्द्र | २४८८३ | ७७५५ | ० | २३७६७ | २७३७१ | ८५३१ | ० | ३५९०२ | ३०१०८ | ९३८४ | ० | ३९४९२ |
| ३१२०१०१९ शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र | २२१२७ | ८६६५ | ० | २३७६७ | २४३४० | ९५३२ | ० | ३३८७१ | २६७७४ | १०४८५ | ० | ३७२५८ |
| ३१२०१०२० माटो तथा मल परिक्षण प्रयोगशाला | २३५५२ | १७३० | ० | २३७६७ | २५९०७ | १९०३ | ० | २७८१० | २८४९८ | २०९३ | ० | ३०५९१ |
| ३१२०१०२१ बिउ विजन प्रयोगशाला | ६११०६ | ४२६० | ० | २३७६७ | ६७२१७ | ४६८६ | ० | ७१९०३ | ७३९३८ | ५१५५ | ० | ७९०९३ |
| ३१२०१०२२ बाली संरक्षण प्रयोगशाला | १५९६६ | १०८० | ० | २३७६७ | १७५६३ | ११८८ | ० | १८७५१ | १९३१९ | १३०७ | ० | २०६२६ |
| ३१२०१०२३ कृषि ज्ञान केन्द्रहरु | ८०२४८२ | २२३५५ | ० | २३७६७ | ८८२७३० | २४५९१ | ० | ९०७३२१ | ९७१००३ | २७०५० | ० | ९९८०५३ |
| ३१२०१०२४ व्यवसायीक ग्रेनेज केन्द्र | १५९४४ | २७५० | ० | २३७६७ | १७५३८ | ३०२५ | ० | २०५६३ | १९२९२ | ३३२८ | ० | २२६२० |
| ३१२०१०२५ प्रजनन् पिंढी विज कोया श्रोत केन्द्र | १९२८३ | ५५२५ | ० | २३७६७ | २१२११ | ६०७८ | ० | २७२८९ | २३३३२ | ६६८५ | ० | ३००१८ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोस्रो वर्ष (२०८०/८१) | | | | तेस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२०११०१ मौरीपालन विकास कार्यक्रम | २२०५३ | ९६० | ० | २३७६७ | २४२५८ | १०५६ | ० | २५३१४ | २६६८४ | ११६२ | ० | २७८४६ |
| ३१२०२०११ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ४७९७२९ | १०२०० | ० | २३७६७ | ५२७७०२ | ११२२० | ० | ५३८९२२ | ५८०४७२ | १२३४२ | ० | ५९२८१४ |
| ३१२०२०१२ पशु सेवा तालिम केन्द्र | २७८८९ | १७८० | ० | २३७६७ | ३०६७८ | १९५८ | ० | ३२६३६ | ३३७४६ | २१५४ | ० | ३५८९९ |
| ३१२०२०१३ बाख्रा विकास फार्म | २३८३९ | १२७२० | ० | २३७६७ | २६२२३ | १३९९२ | ० | ४०२१५ | २८८४५ | १५३९१ | ० | ४४२३६ |
| ३१२०२०१४ मत्स्य विकास केन्द्रहरु | ४२५६२ | १७०९० | ० | २३७६७ | ४६८१८ | १८७९९ | ० | ६५६१७ | ५१५०० | २०६७९ | ० | ७२१७९ |
| ३१२०२०१५ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ५५०५५८ | ३८२१७ | ० | २३७६७ | ६०५६१४ | ४२०३९ | ० | ६४७६५३ | ६६६१७५ | ४६२४३ | ० | ७१२४१८ |
| ३१२९११२१ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान) | ८८४०० | ० | ० | २३७६७ | ९७२४० | ० | ० | ९७२४० | १०६९६४ | ० | ० | १०६९६४ |
| ३१२९११२२ कृषि विभाग(संघ शसर्त अनुदान) | २४३७०० | ० | ० | २३७६७ | २६८०७० | ० | ० | २६८०७० | २९४८७७ | ० | ० | २९४८७७ |
| ३१२९११२० कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(संघ शसर्त अनुदान) | ३५०० | ० | ० | २३७६७ | ३८५० | ० | ० | ३८५० | ४२३५ | ० | ० | ४२३५ |
| ३१२०००१२ प्रदेश दुग्ध विकास बोर्ड | १२५३५३ | १२५१०० | ० | २३७६७ | १३७८८८ | १३७६१० | ० | २७५४९८ | १५१६७७ | १५१३७१ | ० | ३०३०४८ |
| ३१२९११२३ पशु सेवा विभाग(संघ शसर्त अनुदान) | ९००० | ० | ० | ९००० | ९९०० | ० | ० | ९९०० | १०८९० | ० | ० | १०८९० |
| **जम्मा** | **३३५२७६१** | **८३०२६७** | **०** | **४१८३०२८** | **३६८८०३७** | **९१३२९४** | **०** | **४६०१३३१** | **४०५६८४१** | **१००४६२३** | **०** | **५०६१४६४** |

# खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय

## पृष्ठभूमी

नेपालको संविधान बमोजिम देशमा संघ, प्रदेश र स्थानिय गरि तीन तहको सरकार रहेको छ। संविधान प्रदत्त अधिकार तथा स्वीकृत कार्य विभाजन नियमावली अनुसार तिनवटै सरकारहरुबाट गरिने कार्य विभाजन गरिएको छ। प्रदेश सरकार कार्य सञ्चालन विभाजन नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु वमोजिम बागमती प्रदेशका तेह्र वटै जिल्लाहरुमा खानेपानी,उर्जा तथा सिचाइका क्षेत्रमा विभिन्न कार्यहरु सम्पादन गर्दै आईरहेको छ। खानेपानी योजना निर्माण (ग्राभिटी, पम्पिङ, खानेपानी गुणस्तर सुधार), ढल निकाससंग सम्वन्धित आयोजनाहरु, सिचाइ आयोजनाहरु निर्माण, भूमीगत जलश्रोत, नदि नियन्त्रण(तटबन्ध), नविकरणिय उर्जा प्रवर्द्धन सम्वन्धि कार्यहरु, बैकल्पिक उर्जा प्रवर्द्धनका क्षेत्रमा अध्ययन, अनुसन्धान, योजना तर्जुमा, स्वीकृती तथा मातहतका कार्यालयहरुबाट योजना निर्माण, सञ्चालन र मर्मत सम्भार लगाएतका कार्यहरु यस मन्त्रालयले सम्पादन गरिरहेको छ ।

## सोचः

- एक घर एक धारा पुर्ण सरसफाई हाम्रो अभिभारा
- खाद्य सुरक्षाका लागि उत्पादन उत्पादनको लागि सिचाइ
- बामती प्रदेश पुर्ण उज्यालो प्रदेश
- उर्जा खपतमा वृद्धि

## उद्देश्य

- आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको खानेपानी सुविधाको विस्तार गर्ने।
- आधारभूत सरसफाई सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको सरसफाई सुविधाको विस्तार गर्ने।
- ठूला बहुउद्धेश्यीय आयोजनाको विकास षरी कृषियोग्य भूमिमा बर्षैभरि भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराउने ।
- सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जिर्ण सिंचाइ पूर्वाधारहरुको सुधार र पुनर्स्थापना गर्नु।

- लिफ्ट सिचाइ आयोजना तथा भूमीगत सिँचाई प्रणाली सञ्चालनको माध्यामबाट सुख्खा भुमिलाई सिंचित गरि कृषि उत्पादकत्व वृद्दि गर्नु ।
- जलबायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्ने।
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षती न्यूनीकरण गर्ने ।
- सिंचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।
- जलश्रोतको बहुआयमिक तथा समन्यायिक उपयोगमार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्ने ।
- उर्जा दक्षता सहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रुपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने ।
- नवीकरणीय उर्जाको माध्यमबाट ग्रामिण विद्युतीकरण र उद्योग संचालन गरि रोजगार सिर्जना गर्ने।
- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दीगो, भरपर्दो, सर्वसुलभ, किफायति र गुणस्तरिय आधुनिक उर्जाको पहुँच वृद्धि गर्ने
- नवीकरणीय उर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुर्याउने।
- खेर गैरहेका फोहरजन्य बस्तुबाट उर्जा उत्पादन गरि फोहोरमैला व्यवस्थापन र आर्थिक वृद्धिमा टेवा पुर्याउने।

**रणनीति**

- आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु निर्माण तथा खानेपानी सुविधा विस्तार गर्ने।
- शहर र शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी तथा सरसफाई सेवाको स्तरवृद्धि गर्ने।
- खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा बैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने।
- ग्रामिण तथा शहरी खानेपानी आयोजनाहरुको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने।
- प्रदेश भित्रका शत प्रतिशत घरहरुमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने।

- सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- सिँचाई विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरि सिँचाई योजनाहरुको विकास एवं विस्तार गर्ने
- संघ र स्थानीय तहसंग समन्वय र सहकार्यमा सिँचाई प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराउन ठूला बहुउद्धेश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।
- जलश्रोतको बहुआयमिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार एवं क्षमता वृद्धि र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने
- उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ प्रणालीको विकास गर्ने।
- पहाडका दुनक्षेत्र तथा टारहरुमा सिंचाइ सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने।
- सिंचाइ प्रणालीको व्यवस्थापनको लागि मुहान संरक्षण तथा संस्थागत संरचना सुदृढीकरण गर्ने।
- जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्न अध्ययन अनुसन्धान मार्फत उपायहरुको खोजि गरि कार्यान्वयन गर्ने ।
- उर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने।
- राष्ट्रिय प्रसारण लाइन नपुगेका र सम्भाव्य नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने।
- नवीकरणीय उर्जाको स्रोतलाई व्यवसायिक उर्जाको रुपमा विकास गरि उत्पादन वृद्धि र रोजगारसंग जोड्ने।
- खाना पकाउन प्रयोग हुने परम्परागत उर्जाको सट्टामा सुधारिएको चुलो तथा विद्युतीय चुलोको प्रयोग वृद्धि गर्ने।
- फोहरमैलालाई प्राङ्गारिक मल र पेट्रोलियम पदार्थ उत्पादनसंग जोड्ने।

## त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| ३१३०१०१२ भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू | २८११४ | २८३४०० | ० | ३११५१४ | ३०९२५ | ३११७४० | ० | ३४२६६५ | ३४०१७.९ | ३४२९१४ | ० | ३७६९३२ |
| ३१३९११२० तराई-मधेश खानेपानी सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | ० | २८३०० | ० | २८३०० | ० | ३११३० | ० | ३११३० | ० | ३४२४३ | ० | ३४२४३ |
| ३१३९११२१ मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | ० | २१३५०० | ० | २१३५०० | ० | २३४८५० | ० | २३४८५० | ० | २५८३३५ | ० | २५८३३५ |
| ३१३९११२२ नदी नियन्त्रण(संघ शसर्त अनुदान) | ० | ३५७००० | ० | ३५७००० | ० | ३९२७०० | ० | ३९२७०० | ० | ४३१९७० | ० | ४३१९७० |
| ३१३९११२३ सिंचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड)(संघ शसर्त अनुदान) | ० | १०७२०० | ० | १०७२०० | ० | ११७९२० | ० | ११७९२० | ० | १२९७१२ | ० | १२९७१२ |
| ३१३९११२४ खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ३००० | ० | ३००० | ० | ३३०० | ० | ३३०० | ० | ३६३० | ० | ३६३० |
| ३१३९११२५ केन्द्रिय खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | ५००० | ० | ५००० | ० | ५५०० | ० | ५५०० | ० | ६०५० | ० | ६०५० |
| ३१३९११२६ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १०००० | ० | १०००० | ० | ११००० | ० | ११००० | ० | १२१०० | ० | १२१०० |
| ३१३९११२७ एकीकृत उर्जा तथा सिंचाई विषेश कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ३१२२०० | ० | ३१२२०० | ० | ३४३४२० | ० | ३४३४२० | ० | ३७७७६२ | ० | ३७७७६२ |
| ३१३९११२८ समृद्ध तराई मधेस सिंचाइ विशेष कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ३७४०० | ० | ३७४०० | ० | ४११४० | ० | ४११४० | ० | ४५२५४ | ० | ४५२५४ |
| ३१३९११२९ वातावरणीय सरसफाइ आयोजना(संघ शसर्त अनुदान) | ० | ५००० | ० | ५००० | ० | ५५०० | ० | ५५०० | ० | ६०५० | ० | ६०५० |
| ३१३९११३० खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १८७७०० | ० | १८७७०० | ० | २०६४७० | ० | २०६४७० | ० | २२७११७ | ० | २२७११७ |
| ३१३९११३१ नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १३८६०० | ० | १३८६०० | ० | १५२४६० | ० | १५२४६० | ० | १६७७०६ | ० | १६७७०६ |
| ३१३९११३२ जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | ५५५७०० | ० | ५५५७०० | ० | ६११२७० | ० | ६११२७० | ० | ६७२३९७ | ० | ६७२३९७ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०७९/८०) | | | | दोश्रो वर्ष (२०८०/८१) | | | | तस्रो वर्ष (२०८१/८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजीगत | वित्तिय व्यवस्था | जम्मा |
| ३१३९११३३ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १९२०० | ० | १९२०० | ० | २११२० | ० | २११२० | ० | २३२३२ | ० | २३२३२ |
| ३१३९११३४ मझौला सिंचाई आयोजना(संघ शसर्त अनुदान) | ० | ३३२६०० | ० | ३३२६०० | ० | ३६५८६० | ० | ३६५८६० | ० | ४०२४४६ | ० | ४०२४४६ |
| ३१३९११३५ ढल निर्माण तथा प्रशोधन कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ४५०० | ० | ४५०० | ० | ४९५० | ० | ४९५० | ० | ५४४५ | ० | ५४४५ |
| ३१३९११३६ भुमिगत स्यालो तथा डिप ट्युववेल सिंचाई आयोजना(संघ शसर्त अनुदान) | ० | १८००० | ० | १८००० | ० | १९८०० | ० | १९८०० | ० | २१७८० | ० | २१७८० |
| ३१३०००११ खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ६०८९० | १८०४०० | ० | २४१२९० | ६६९७९ | १९८४४० | ० | २६५४१९ | ७३६७६.९ | २१८२८४ | ० | २९१९६१ |
| ३१३०१०११ जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू | १६३८४९ | ३४०८४०० | ० | ३५७२२४९ | १८०२३४ | ३७४९२४० | ० | ३९२९४७४ | १९८२५७ | ४१२४१६४ | ० | ४३२२४२१ |
| ३१३०२०११ खानेपानी तथा सरसफाई डिभिजन कार्यलयहरू | १४९१०० | २६१०८७० | 0 | २७५९९७० | १६४०१० | २८७१९५७ | ० | ३०३५९६७ | १८०४११ | ३१५९१५३ | ० | ३३३९५६४ |
| **जम्मा** | ४०१९५३ | ८८१७९७० | ० | ९२१९९२३ | ४४२१४८ | ९६९९७६७ | ० | १०१४१९१५ | ४८६३६३ | १०६६९७४४ | ० | १११५६१०७ |

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधान जारी भएपछि राज्य सञ्चालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तिको बाँडफाँट हुन गयो । राज्यको पुनर्संरचना पश्चात देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेको छ ।देशमा स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन सम्पन्न भए पश्चात हालबागमती प्रदेशमा चौध वटा मन्त्रालयहरु स्थापना भई कार्य सञ्चालन भएका मध्ये यो मन्त्रालय पनि एक हो । यस मन्त्रालयको कार्यक्षेत्र खास गरेर शान्ति सुरक्षा, सूचना तथा सञ्चार, प्रदेश स्तरका कानूनहरुको तर्जुमा गर्ने र प्रदेश राजपत्र सम्पादन तथा प्रकाशन गर्ने रहेकोछ ।

प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी समग्र देशको शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने, नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने तथाप्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधनलगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउन यस मन्त्रालयको प्रमुख उद्देश्यहरुरहेको छ ।

**सोचः**

नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवं प्रविधिमैत्री प्रदेश ।

**उद्देश्यः**

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षणगर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्वर्द्धनगर्ने ।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्थासञ्चालन गर्ने ।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने ।

**लक्ष्यः**

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी विधिको शासन एवं प्रविधीमैत्री वातावरण सृजना गरी शासकीय प्रबन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ ।

**मन्त्रालयको जिम्मेवारी :**

यस मन्त्रालयको मूल कार्य क्षेत्र शान्ति सुरक्षा, सूचना तथा सञ्चार, प्रदेश स्तरका कानूनहरुको तर्जुमा गर्ने र प्रदेश राजपत्र सम्पादन तथा प्रकाशन गर्ने रहेको छ । प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन/व्यवस्था सञ्चालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउनु आन्तरिक मामिला तथा कानून मन्त्रालयको मूल जिम्मेवारी रहेको छ ।

**त्रिवर्षिय खर्च प्रक्षेपण**

(रु.हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोश्रो वर्ष (२०८०/०८१) | | | | तेश्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा |
| ३१४०००११ आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५५९९८ | ६३४८७३ | ० | ७९०८७१ | १७१५९८ | ६९८३६० | ० | ८६९९५८ | १८८७५८ | ७६८१९६ | ० | ९५६९५४ |
| ३१४०००१२ सञ्चार रजिष्ट्रारको कार्यालय | २८७६३ | ७०० | ० | २९४६३ | ३१६३९ | ७७० | ० | ३२४०९ | ३४८०३ | ८४७ | ० | ३५६५० |
| **जम्मा** | **१८४७६१** | **६३५५७३** | **०** | **८२०३३४** | **२०३२३७** | **६९९१३०** | **०** | **९०२३६७** | **२२३५६१** | **७६९०४३** | **०** | **९९२६०४** |

# संस्कृति तथा पर्यटन मन्त्रालय

**पृष्ठभूमी :**

नेपालको संविधानले, नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने,पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने पर्यटन सम्बन्धी निति रहेको छ ।

मूलुकको आर्थिक विकासको प्रमुख आधार पर्यटन क्षेत्र हो । यस क्षेत्रबाट विदेशी मुद्राको आर्जन, रोजगारी सिर्जना, समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउदै आएको छ । यस प्रदेशमा रहेका सास्कृतिक सम्पदाको संरक्षण र विकास गरी सो को आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई यस प्रदेशको आर्थिक आधारको रुपमा ग्रामिण तह सम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तह सम्म पुर्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गर्न आवश्यक रहेको छ ।

यस प्रदेशमा साविकमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय रहेकोमा बागमती प्रदेश सरकार (मन्त्रिपरीषद्को) निर्णयानुसार प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ (संशोधन सहित) बमोजिम मिति २०७८।०८।१५ गते स्थापना भएको हो ।

**सोच**

प्राकृतिक सम्पदाको दिगो विकास र सांस्कृतिक विविधताको सम्मान गर्दे विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण एवम्  प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्यको रुपमा विकास गरीनेछ ।

**ध्येय**

प्राकृतिक एवम् सांस्कृतिक विविधता जगेर्ना गर्दे पर्यटकीय गन्तब्य,वस्तु विकास र ग्रामीण पर्यटनको विकास गरी पर्यटन क्षेत्रलाई समावेशी वनाई प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

**लक्ष्य**

पर्यटकीय क्षेत्रलाई थप आकर्षक र सुरक्षित गन्तव्यको रुपमा विकास गरी पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि गरी जनताको आर्थिक अवस्थामा सुधार ल्याउँने।

**उद्देश्य**

- पर्यटनको क्षेत्रगत विविधीकरण,ग्रामीण समुदायमा आधारित र समाबेशी पर्यटन विकास मार्फत रोजगारीको सृजना एवम् पर्यटनको लाभ स्थानीय जनतामा वितरण हुने अवस्था सृजना गरी गरिबी निवारण गर्ने ।
- कोभिडको महामारीबाट पर्यटनमा सृजित प्रतिकूल परिस्थितिको व्यवस्थापन, असर न्यूनीकरण तथा प्रोत्साहन प्रदान गरी संकट व्यवस्थापन गर्दै पुर्नउत्थानलाई गति दिई पर्यटन क्षेत्रलाई भविष्यमा प्रतिकूल परिस्थितिमा अनुकूलन हुन सक्ने बनाउने ।
- विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने एवम् पर्यटकीय गतिविधी संग जोड्ने ।
- ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्दै प्रदेशलाई आकर्षक, रमणीय, सुरक्षित र गुणस्तरीय पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरी प्रवर्द्धन गर्ने ।

**मध्यमकालिन नीति/रणननीति**

- नविन पर्यटकीय क्षेत्र विकास र अन्य पर्यटकीयस्थललाई डिजिटल मार्केटिङ्ग माध्यमबाट प्रचार प्रसार एवम् प्रवर्द्धन गरिनेछ ।
- पर्यटन र सोसंग सम्बन्धित पूर्वाधारहरूको विकास, विस्तार र सुधारका लागि तिन तहको सरकार,अन्तर मन्त्रालय तथा निकायगत सहकार्य र समन्वय गरिनेछ ।
- यस प्रदेशमा रहेका गन्तब्यहरुको निच टुरिज्म मार्केटको(Niche Tourism Market) अवधारणा अनुरुप फरक फरक बजार प्रवर्द्धन रणनीति अपनाईने छ ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि छुट्टै रणनीतिक योजना निर्माण गर्ने एवम् सार्वजनिक-निजी-साझेदारीमा पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासका लागी निजी क्षेत्र,स्थानिय तह र समुदायसँग सहकार्य गरिनेछ ।

- विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण एवं विकास गरी पर्यटन क्षेत्रवाट अर्थतन्त्रको योगदानमा वृद्धि गरिनेछ।

## त्रिवर्षिय खर्च प्रक्षेपण

(रु.हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोश्रो वर्ष (२०८०/०८१) | | | | तेश्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा |
| ३२५०००११ संस्कृति तथा पर्यटन मन्त्रालय | ३६२१२ | ३८१० | ० | ४००२२ | ३९८३३ | ४१९१ | ० | ४४०२४ | ४३८१७ | ४६१० | ० | ४८४२७ |
| ३२५००१०२ पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम | ३५९९० | १६२०२६५ | ० | १६५६२५५ | ३९५८९ | १७८२२९२ | ० | १८२१८८१ | ४३५४८ | १९६०५२१ | ० | २००४०६९ |
| ३२५००१०३ उपत्यका पर्यटन कार्यालय | ११३६२ | ३१५५ | ० | १४५१७ | १२४९८ | ३४७१ | ० | १५९६९ | १३७४८ | ३८१८ | ० | १७५६६ |
| ३२५९११२० पर्यटन पूर्वाधार विकास आयोजना(संघ शसर्त अनुदान) | ० | ४०२०० | ० | ४०२०० | ० | ४४२२० | ० | ४४२२० | ० | ४८६४२ | ० | ४८६४२ |
| ३२५००१०१ पर्यटन विकास आयोजना | १४२०२ | ३९९० | ० | १८१९२ | १५६२२ | ४३८९ | ० | २००११ | १७१८४ | ४८२८ | ० | २२०१२ |
| **जम्मा** | **९७७६६** | **१६७१४२०** | **०** | **१७६९१८६** | **१०७५४३** | **१८३८५६२** | **०** | **१९४६१०५** | **११८२९७** | **२०२२४१८** | **०** | **२१४०७१५** |

# वन तथा वातावरण मन्त्रालय

**पृष्ठभूमि :**

नेपालको संविधान बमोजिम राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तिको बाँडफाँड भए अनुसार राज्यको पुनःसंरचना पश्चात हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेका छन् । बागमती प्रदेश सरकारको मिति २०७८/०८/१५ गतेको निर्णयानुसार यस बागमती प्रदेशमा १४ वटा मन्त्रालयहरु स्थापना भइ कार्य सञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४(संशोधन) तथा मिति २०७८/०८/१५ गतेमा प्रकाशित खण्ड ५) अतिरिताङ्क १९ प्रदेश राजपत्र भाग ३ अनुसार यस मन्त्रालयलाई वन, वातावरण र भू-संरक्षण सम्बन्धी ३१ वटा कार्य जिम्मेवारी तोकिएको छ ।वन आर्थिक क्षेत्रका मुख्य अङ्ग हुन। यसले देशमा रोजगारीको सिर्जना, वातावरणीय सेवा प्रदान, स्थानीय समुदायको आधारभूत वन पैदावारको आवश्यक्ता पूर्ति गर्नमा सहयोग पुऱ्याउँछ । त्यसैगरी जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक, सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन तथा वातावरण क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा रहन गएको छ।

वन नेपालको नविकरणीय प्राकृतिक स्रोत हो । समाजिक, आर्थिक, धार्मिक-साँस्कृतिक, वातवरणीय क्षेत्र सहित मानिसको जीवन पद्धति सहज वनाउने वनको ठूलो भूमिका रहन्छ । वनले मानवका आधारभूत आवश्यकताहरु पुरा गर्न मद्धत गर्नुका साथै राष्ट्रिय अर्थतन्त्र ठूलो योगदान रहेको गर्छ । त्यसैगरी वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धिकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने कार्यमा ठूलो टेवा पुगेको छ । नेपालको कूल क्षेत्रफलको करिव ४४.७ प्रतिशत क्षेत्र वन जंगलले ढाकेको छ । बागमती प्रदेशमा कुल १,०९०,८८० हेक्टर क्षेत्रफल वन क्षेत्रले ओगटेको छ जुन नेपालको कूल वनको १८.३ प्रतिशत र प्रदेशको कूल भूभागको ५३.७ प्रतिशत हुन आउँछ । त्यस्तै प्रदेशका ५ वटा जिल्लामा चुरे पर्दछ । यहाँ चुरेको कूल क्षेत्रफल ४७३,९८८ हेक्टर छ र यो प्रदेश भू-भागको २३.४ प्रतिशत हुन्छ । चुरे क्षेत्रको ठूलो भाग अर्थात् ६४ प्रतिशत वनले ढाकेको छ । निकुन्जको सिमानामा मध्यवर्ती क्षेत्रहरु छन् जुन प्रदेशको भू-भागको ७.८ प्रतिशत हुन्छ । यस प्रदेशमा चार वटा राष्ट्रिय निकुन्ज र एउटा संरक्षित क्षेत्र छन् । तिनले प्रदेशको २९.१ प्रतिशत भूभाग ओगटेको छ । यिनमा काठमाडौमा रहेको लाङ्गटाङ्ग र शिवपुरी-नागार्जुन राष्ट्रिय निकुन्ज बाहेक अन्य अरु प्रदेशहरुसित जोडिएका छन् । बागमती प्रदेशका जलाधारहरुलाई सिंचित गर्ने छ वटा प्रमुख नदीहरु छन्ः सुनकोशी, तामाकोशी, बागमती, राप्ती (पूर्ब), कमलामाई र बुढीगण्डकी । यिनको कूल जलाधार क्षेत्रफल २०,४७६ बर्ग किमी हुन आउँछ । सुनकोशी (लम्बाई २५६ किमी) मा मेलम्ची र इन्द्रावती मिलेर बनेको इन्द्रावती मिसिन्छ भने तामाकोशी (लम्बाई ९० किमी) खुर्कोटमा

मिसिन्छ र प्रदेश-१ तर्फ सुनकोशीका नामले बग्दैजान्छ। बागमती (लम्बाई १६३ किमी) मा क्यान र मरिन मिसिन आइपुग्छ जुन मधेश प्रदेश तर्फ जान्छ भने राप्ती (लम्बाई १२२ किमी) मा कायर, कर्रा र रेवा मिसिन्छन् जुन नारायणी नदिमा मिसिन्छ । बुढीगण्डकी (लम्बाई ११७ किमी) मा आँखु र थोपाल मिसिन आउँछन्; बुढीगण्डकी गण्डकी प्रदेशसित सिमाना गाँस्ने नदी हो ।

उत्पादित वन पैदावरको व्यवस्थित प्रयोगबाट काठमा आत्म निर्भर हुनु, निम्न आय-श्रोतका जनतासम्म श्रोतको लाभ पुर्याउनु, मानव—वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्नु, वन्यजन्तुको वासस्थान खुम्चिन नदिनु र वन अतिक्रमण, खुल्ला चरन, चोरी-शिकारी तथा डढेलो नियन्त्रण गर्नु वन क्षेत्रका चुनौतीहरु हुन् । त्यस्तै, जलाधारहरुको सन्तुलित इकोसिस्टम कायम राख्नु, मासिएका सिमसार र खोलाहरु पुनर्जीवित गर्नु, चुरे क्षेत्र संरक्षणलाई प्रभाबकारी तुल्याउनु, पूर्वाधार विकास र वातावरणीय संरक्षणबीच सन्तुलन मिलाउनु साथै सरोकारवालाहरूसँग सहकार्य गरी दिगो तथा एकीकृत व्यबस्थापनका लागि प्रदेश स्तरमा आवश्यक संगठनिक संरचनाको विकास र शासकीय प्रणालीको सुदृढीकरण गर्नु यस क्षेत्रका थप चुनौती रहेका छन् । बागमती प्रदेशमा जलाधार तथा उत्पादनशील वनको क्षेत्र उचित मात्रामा हुनु, वनको वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक लाभ लिन सकिने अवस्था बन्नु, विश्वसम्पदा सहितको संरक्षित क्षेत्र कायम रहनु, वन संरक्षणबाट कार्बन सञ्चितिको फाइदा हुनु जस्ता अवसरहरु मौजुद छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जैविक उत्पादन तथा हरित वस्तुहरूको चाहना बढ्दै गएकाले वन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ । बागमती प्रदेश लगायत अन्य स्थानहरुमा गरिएको नमूना अध्ययनले के देखाएको छ भने नेपालमा वैज्ञानिक वन व्यवस्थापनबाट १७ देखि ९१ लाख घनमीटरसम्म काठ आपूर्ति गर्न सकिन्छ र वनमा वार्षिक ४.२ देखि १३.८ लाखसम्म रोजगारी सृजना हुनसक्छ । दुर्लभ वन्यजन्तु सहितको जैविक विविधतायुक्त राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रले पर्यापर्यटनलाई अझ फराकिलो र दिगो हुने अवसर प्रदान गरेको छ । चुरे र नदी किनार लगायत मानव बस्ती बिस्तार गर्न अयोग्य क्षेत्रहरुको वन कायम गरी वन्यजन्तुलाई एउटा संरक्षित क्षेत्रबाट अर्कोमा आवत-जावत गर्ने जैविक-मार्गको विकास गर्ने अवसर पनि यस प्रदेशमा रहेको छ ।

**सोच :**

**दीर्घकालीन सोचः**

वातावरणमैत्री विकास उत्पादनशील वन र संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण ।

**लक्ष्यः**

वन, जैविक विविधता र जलाधारको एकीकृत व्यबस्थापन मार्फत वन पैदावारको उत्पादान वृद्धि र पारिस्थितिकीय सेवा प्रबाहलाई अक्षुण्ण राख्ने ।

**उद्देश्यः**

**वन तथा भू-संरक्षणः**

- वैज्ञानिक वन व्यवस्थापनद्धारा वन पैदावारको उत्पादनवृद्धि तथा व्यावसायीकरण गर्नुका साथै भू दृश्य (ल्याण्डस्केप) को व्यवस्थापन गरी वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु,
- एकिकृत जलाधार व्यवस्थापन मार्फत नदी-नाला, माटो र अन्य प्राकृतिक संरचनाहरुको संरक्षण गरी स्वस्थ र सन्तुलित वातावरण कायम राखी पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण राख्नु,
- चुरेक्षेत्रको वन अतिक्रमण स्थायी समाधान गरी एकिकृत संरक्षण र व्यवस्थापन गर्नु,
- वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आबद्ध समृद्धिका लागि योगदान पुऱ्याउनु,

**वातावरणः**

- वायू प्रदुषण नियन्त्रण गरी नागरिकहरुको स्वास्थ्यमा सुधार ल्याउनु,
- नदीहरुमा हुने प्रदूषण नियन्त्रण गरी नागरिकहरुको स्वास्थ्यमा सुधार ल्याउनु,
- फोहोरमैलाको उचित व्यवस्थापन र पुन प्रयोगका उपायहरुबाट रोजगारी सृजना गर्नु,
- धूँवाधूलो तथा आवाजबाट सिर्जित प्रदूषणको नियन्त्रणमा आवश्यक प्रणाली अबलम्बन गर्नु,

**जलवायू परिवर्तन अनुकूलनः**

- पानीको दिगो उपलब्धता, जलवायूजन्य विपद्का असरहरको न्यूनीकरण, जलवायू परिवर्तनले मानव स्वास्थमा पार्ने असर नियन्त्रण र जलवायू परिवर्तनले कृषि र खाद्यान्न सुरक्षामा पारेको असरसँग अनुकूलित हुँदै त्यसबाट सिर्जित लाभ र जलवायू कोष र संयन्त्रहरुबाट हुने लाभको अधिकतम् उपयोग गर्नु,

**रणनीतिः**

**वन तथा भू-संरक्षणः**

- वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने,
- प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरु सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने,
- वन्यजन्तु ओहोर-दोहर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति व्यवस्थाद्वारा मानव-वन्यजन्तु बीचको द्वन्द घटाउने,

- समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुऱ्याउने,
- नदी प्रणालीमा आधारित एकिकृत जलाधार व्यवस्थापनको योजना तर्जूमा गरी कार्यान्वयन गर्ने,
- चुरे अतिक्रमण र वन्यजन्तु चोरी शिकारी जस्ता गैह्र कानूनी र वातावरण विनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषिवनजस्ता वैकल्पिक जीवनयापनका उपायहरुको प्रबर्धन गर्ने,

**वातावरणः**

- यातायातका साधनहरु तथा उद्योगलाई वातावरणमैत्री उन्मुख, वैकल्पिक उर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने,
- नगर तथा नगर उन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनः प्रशोधन र पुन प्रयोग विधि अवलम्बन गर्ने,
- कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टामा स्थानीय सामाग्रीबाट उत्पादित वातावरणमैत्री झोला उपयोगमा ल्याउने,
- प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा आबद्ध गर्ने ।
- विकास निर्माणसंग सम्बन्धित प्रस्तावहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने

**जलवायू परिवर्तन अनुकूलनः**

- उपलब्ध पानीका स्रोतहरुको संरक्षण तथा बैकल्पिक उपायहरु अबलम्बन गर्ने,
- जलवायू ज्ञान व्यवस्थापन तथा मौसम पुर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने,
- चरम जलवायूजन्य घटनाहरुको पहिचान गरी मानवस्वास्थ्यको रक्षा गर्ने ,
- जलवायूमैत्री उर्जा र कृषि प्रविधिको छनौट र विस्तार गर्ने,
- अन्तर्राष्ट्रिय अभिसन्धिहरुबाट बनेका जलवायुकोष र संयन्त्रहरुबाट उपलब्ध वित्तीय सहयोग तथा लाभ हासिल गर्ने,

## त्रिवर्षीय खर्च प्रक्षेपणः

(रु. हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोश्रो वर्ष (२०८०/०८१) | | | | तेश्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा |
| ३२९००१०२ राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १५३११८ | २६७९८० | ० | ४२१०९८ | १६८४३० | २९४७७८ | ० | ४६३२०८ | १८५२७३ | ३२४२५६ | ० | ५०९५२९ |
| ३२९००१०३ वातावरण संरक्षण तथ शहरी वन कार्यक्रम | १४७८२६ | १५०२५० | ० | २९८०७६ | १६२६०९ | १६५२७५ | ० | ३२७८८४ | १७८८६९ | १८१८०३ | ० | ३६०६७२ |
| ३२९००१०४ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ११९५४ | १३८०० | ० | २५७५४ | १३१४९ | १५१८० | ० | २८३२९ | १४४६४ | १६६९८ | ० | ३११६२ |
| ३२९०१०११ वन निर्देशनालय | ३०६३७ | १९५० | ० | ३२५८७ | ३३७०१ | २१४५ | ० | ३५८४६ | ३७०७१ | २३६० | ० | ३९४३० |
| ३२९०००११ वन तथा वातावरण मन्त्रालय | ४७३४२ | ५४०० | ० | ५२७४२ | ५२०७६ | ५९४० | ० | ५८०१६ | ५७२८४ | ६५३४ | ० | ६३८१८ |
| ३२९०१०१२ डिभिजन वन कार्यालयहरू | ६८५५७९ | ३३८३८० | ० | १०२३९५९ | ७५४१३७ | ३७२२१८ | ० | ११२६३५५ | ८२९५५१ | ४०९४४० | ० | १२३८९९० |
| ३२९०१०१३ भू तथा जलाधार व्यवस्थापन कार्यलयहरू | ६८२७२ | ४०५० | ० | ७२३२२ | ७५०९९ | ४४५५ | ० | ७९५५४ | ८२६०९ | ४९०१ | ० | ८७५१० |
| ३२९९११२० डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | ५१७०० | ० | ० | ५१७०० | ५६८७० | ० | ० | ५६८७० | ६२५५७ | ० | ० | ६२५५७ |
| ३२९९११२१ जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ३३००० | ० | ३३००० | ० | ३६३०० | ० | ३६३०० | ० | ३९९३० | ० | ३९९३० |

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०७९/०८०) | | | | दोश्रो वर्ष (२०८०/०८१) | | | | तेश्रो वर्ष (२०८१/०८२) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा | चालु खर्च | पूँजिगत | वित्तिय व्यवस्था | जम्मा |
| ३२९९११२२ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ७००० | ६१००० | ० | ६८००० | ७७०० | ६७१०० | ० | ७४८०० | ८४७० | ७३८१० | ० | ८२२८० |
| ३२९९११२३ वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | ४५९०० | ० | ० | ४५९०० | ५०४९० | ० | ० | ५०४९० | ५५५३९ | ० | ० | ५५५३९ |
| ३२९९११२४ जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १९००० | ० | १९००० | ० | २०९०० | ० | २०९०० | ० | २२९९० | ० | २२९९० |
| ३२९९११२५ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | १०३०० | ० | ० | १०३०० | ११३३० | ० | ० | ११३३० | १२४६३ | ० | ० | १२४६३ |
| ३२९९११२६ वातावरण विभाग(संघ शसर्त अनुदान) | ० | २९००० | ० | २९००० | ० | ३१९०० | ० | ३१९०० | ० | ३५०९० | ० | ३५०९० |
| ३२९००१०१ भू तथा जलाधार संरक्षण कार्यक्रम | ११०० | १०५५४०० | ० | १०५६५०० | १२१० | ११६०९४० | ० | ११६२१५० | १३३१ | १२७७०३४ | ० | १२७८३६५ |
| **जम्मा** | **१२६०७२८** | **१९७९२१०** | **०** | **३२३९९३८** | **१३८६८०१** | **२१७७१३१** | **०** | **३५६३९३२** | **१५२५४८१** | **२३९४८४४** | **०** | **३९२०३२५** |

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## पृष्ठभूमिः

प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७८/०८/१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको स्थापना भएको हो । सबै ठाउँबाट सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने, खाध्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने लगायतको सन् २०३० सम्ममा हाँसिल गरी सक्नुपर्ने दिगो विकास लक्ष्य प्राप्त गर्न र नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तीको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, र भूमिहिन दलितको हक कार्यान्वयन गर्न उपलब्ध सीमित भूमि तथा भूमि श्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोगलतथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गर्दै परम्परागत जग्गा प्रशासनको शैलीमा समय सापेक्ष सुधार गरी भूमि व्यवस्थालाई सुरक्षित पारदर्शी, विश्वसनीय बनाउन अनलाइन सेवा प्रवाह तथा डिजिटल अभिलेख तयार गर्न आवश्यक नीति, कानून, पूर्वाधार तयारी तथा श्रोत साधन परिचालनमा मन्त्रालय क्रियाशिल रहेको छ। निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन गर्ने र गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापनमा र संघिय तथा स्थानिय तहसंग समन्वय गर्ने कार्य यस मन्त्रालय गरिरहेको तथा गर्ने कार्यक्रम तयार पारेको छ । नेपालको संविधानले सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मानिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउदैं समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ । सहकारी सम्बन्धी तथ्याङ्क तथा विवरणहरुलाइ एकीकृत गरी तीनै तहका सरकारसँगको समन्वयमा सहकारी क्षेत्रको नियमन तथा संस्थागत सुशासन कायम गर्दै जनताको बचत तथा लगानीलाई सुरक्षित गर्नु चुनौतीपूर्ण रहेको छ । यस मन्त्रालयले सहकारी संस्था, सहकारी संघ सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, संचालन अनुमती, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्धि र परिचालन जस्ता कार्यहरु गर्दै आएको छ । गरिबीको दुष्चक्रमा फसेका जनतालाई स्तरन्नोत्ती गर्न राज्यको लगानी लक्षित समुदायमा केन्द्रित गरिनु आवश्यक छ । गरिव लक्षित कार्यक्रम क्षमता विकास भन्दा वितरणमुखी हुनु, वास्तविक गरिवलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न नसक्नु, विभिन्न निकायहरुबाट सञ्चालित छरिएर रहेका गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम वीच समन्वयको अभाव रहनु, वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक सामाजिक विप्रेषणको उपयोग उत्पादनमुलक क्षेत्रमा लगाउन नसक्नु

गरिवी निवारणका प्रमुख समस्याका रुपमा रहेका छन्। विभिन्न निकायका बिचमा समन्वय कायम गर्दै गरिव लक्षित कार्यक्रमलाई एक द्धार प्रणाली स्थापित गरी अनावश्यक दोहोरापना हटाउदै सिप, पूँजी र प्रविधिमा गरिबीको रेखामुनी रहेका नागरिकको पहुँच सुनिश्चित गरी स्वरोजगार प्रवद्धन गर्नु, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसङ्ख्यालाई क्रमिक रुपले गैर कृषि क्षेत्रमा स्थानान्तरण गराउनु चुनौतीका रुपमा रहेका छन्।

**सोच (भिजन)**

गुठी सम्पदा र सार्वजनिक सम्पतिको संरक्षण सहितको उत्पादनमुखी र दिगो भूमि व्यवस्था, समन्वात्मक लक्षित गरिबी निवारण कार्यक्रम गर्नु । र आर्थिक समृद्धि र सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि दिगो, सुशासनयुक्त एवं विश्वसनिय सहकारी क्षेत्र तयार गर्ने।

**उद्देश्य**

**भूमि व्यवस्थापन**

- भूमिको समूचित उपयोग मार्फत उत्पादन बृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु।
- गुठीसँग सम्बन्धित ऐतिहासिक मठ, मन्दिर तथा सम्पदाको अध्ययन, संरक्षण, संवर्द्धन र विकास गर्नु ।
- सार्वजनिक तथा सरकारी जग्गाको एकीकृत तथ्याङ्क तयार गर्ने, संरक्षण, संवर्द्धन गर्नु ।
- भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, पारदर्शी र पहुँचयोग्य बनाउनु ।

**गरिबी निवारण**

- प्रादेशिक एकीकृत गरिबी तथ्याङ्क तथा गरिबी पहिचान विवरण तयार पार्नु।
- संघ र स्थानिय तहसगँको समन्वयमा गरिबी पहिचान गरी गरिबी लक्षित कार्यक्रम सञ्चालन गर्नु।
- संघ र स्थानिय तहसगँको समन्वयमा गरिबी लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु।

**सहकारी**

- एकीकृत रुपमा सहकारी क्षेत्रको नियमन तथा अनुगमनमा तीन तहँको समन्वय तथा सहकार्यको प्रणाली स्थापना गर्नु ।
- सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउनु।

- संघ र स्थानिय तहसगँको समन्वयमा सहकारी मूल्य र सिद्धान्तहरुको अनुशरण तथा पारस्पारिकता र स्वाबलम्बनको संस्कार विकास र सुशासन कायम गर्नु।
- सहकारी संघ संस्थाहरुलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि गर्नु।
- सहकारी क्षेत्रको विकास एवं प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकास योगदान पुर्याउनु ।

**लक्ष्य**

- भूमिको उपयोग दिगो र बैज्ञानिक रुपमा गर्दै उत्पादकत्वमा अभिवृद्दी गर्ने ।
- जग्गा प्रशासनलाई पारदर्शी प्रविधिमैत्री एवं अभिलेख व्यवस्थापनलाई समय सापेक्ष सुधार गर्ने ।
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन तयार पार्ने ।
- गुठीसँग सम्बन्धित ऐतिहासिक मठ, मन्दिर तथा सम्पदाको अध्ययन, संरक्षण, संवर्द्धन र विकास गर्ने ।
- प्रादेशिक एकीकृत गरिबी तथ्याङ्क तथा गरिबी पहिचान विवरण तयार पार्ने।
- संघ र स्थानिय तहसगँको समन्वयमा गरिबी पहिचान गरी गरिबी लक्षित कार्यक्रम सञ्चालन गर्ने।
- एकीकृत रुपमा सहकारी क्षेत्रको नियमन तथा अनुगमनमा तीन तहँको समन्वय तथा सहकार्यको प्रणाली स्थापना गर्ने ।
- सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउने।
- सहकारी संघ संस्थाहरुलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि गर्ने

**रणनिति**

**भूमि व्यवस्थापन**

- भू-उपयोग नीति बमोजिम क्षमता उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने।
- भूमिहिन दलित, कृषक, सुकुम्वासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने।
- सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको बिस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने।

- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तीको वस्तुपरक मूल्यांकन गर्ने प्रणाली स्थापना गर्ने रसबै सरोकारवालाहरुले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।
- प्रादेशिक भू-उपयोग नीति तर्जुमा भूमिको वैज्ञानिक वर्गीकरण एवं उपयोग गर्ने ।
- भूमि प्रशासन सेवा वैज्ञानिक एवं सरलीकृत गर्ने ।
- भूमिको चाक्लाबन्दी यान्त्रिकीकरण मार्फत व्यवसायिक कृषि प्रवर्द्धन गर्ने ।
- वर्गीकरण भूमिको अन्य कार्यमा हुने रुपान्तरण नियन्त्रण गर्ने ।
- गुठी सम्पतिको अभिलेखकरण, संरक्षण एवं व्यवस्थापन गर्ने ।
- गुठी सम्पतिको उपयोगिता अभिवृद्धि गरी सामुहिक उपयोग गर्ने ।

**गरिबी निवारण**

- सर्वेक्षण मार्फत गरिब घरपरिवार पहिचान गरी आद्यावधिक विवरण राख्ने।
- पहिचान भएका गरिब लक्षित गरी षरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने।
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने।
